# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. खतिवडा स्वदेश फिर्ता

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा The South East Asian Central Banks (SEACEN) Research and Training Centre ले मलेसियाको क्वालालम्पुरमा आयोजना गरेको 8th SEACEN's Signature Course on Advanced Leadership "Leading with Character: The New Leadership Paradigm in Central Banking" विषयक कार्यक्रममा Central Bank Governance and Emerging Issues for Developing Economies विषयक वार्ता प्रस्तुत गर्नु भयो । सो कार्यक्रममा SEACEN केन्द्रीय बैंकका उच्च तहका अधिकारीहरू सहभागी रहेका थिए ।

यसै गरी गभर्नर डा. खतिवडाले SEACEN Centre का कार्यकारी निर्देशक तथा उच्च पदाधिकारीसँग SEACEN को रणनीतिक व्यवसायिक योजनाको तयारीमा भएको प्रगति, आगामी सेप्टेम्बरमा काठमाडौंमा हुने SEACEN EXCO को बैठकको तयारी र छलफलको विषयसूची तथा SEACEN Centre को नयाँ कार्यकारी निर्देशकको नियुक्तिको प्रक्रियाको सम्बन्धमा छलफल गर्नु भएको थियो ।

उक्त अवसरमा उहाँले SEACEN को अध्यक्षको हैसियतले SEACEN का कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकनका सम्बन्धमा भइरहेको प्रगतिका बारेमा जानकारी लिनु भयो ।

गभर्नर डा. खतिवडा २१ श्रावण २०७१ मा मलेसियातर्फ प्रस्थान गरी २३ श्रावण २०७१ मा स्वदेश फर्कनु भयो ।

**२०७१ श्रावण २३ गते शुक्रबार** **गभर्नरको कार्यालय**